# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## धनगढी, कैलाली

प्रथम पटक प्रकाशित मिति २०७७/०१/११

**खाद्यान्न सामाग्री आपूर्ति संबन्धि बोलपत्र आह्वान**

कोरोना रोग नियन्त्रण, रोकथाम र व्यवस्थापनको लागी सार्वजनिक नियमावली, २०६४ को नियम १४५ को उप नियममा १ मा भएको कानूनी व्यवस्था बमोजिम धनगढी उप- महानगरपालिकाले तपशिल बमोजिमको शर्त बमोजिम यस उप-महानगरपालिका अन्तर्गत सबै वडाहरुमा (१-१९) बसोबास गर्ने असहाय, मदजुरी गरी खाने र नगरपालिका अन्तर्गत वार्ड कार्यालयहरु बाट प्रमाणित भएका घर परिवार र व्यक्तिहरुलाई लकडाउन अवधिभर नगरकार्यपालिका वैठक बाट स्वीकृत मापदण्ड, २०७६ बमोजिम राहत सामाग्री वितरण गर्नु पर्ने भएकोले तपशिल बमोजिमको शर्त को अधिनमा रहने गरी नगर कार्यपालिकाले तोकेको अधिक्तम दररेटमा नबढ्ने गरी खाद्यान्न मालसामान उपलब्ध गराइ दिनु हुन रितपूर्वक दर्ता भएका र अनुमति पाएका खाद्यान्न सामाग्री आपूर्ति कर्ता फर्म/ कंपनीहरु मार्फत यो बोलपत्र आह्वान गरिएको छ। तोकिएको अवधि भित्र निम्न उल्लिखित खाद्य सामाग्रीहरुको प्रति इकाई दररेट पेश गर्नु हुन यो बोलपत्र आह्वान गरिएको छ।

**शर्तहरु :-**

१. सप्लायर्स फर्म/ कंपनी रित पूर्वक दर्ता भएको र संबन्धित निकायबाट नियमित रुपमा नविकरण भएको हुनु पर्ने छ।
२. फर्म / कंपनीले प्यान दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, संबन्धित भ्याट दर्ता प्रमाण- पत्र र संबन्धित निकायको अनुज्ञा पत्र को प्रतिलिपि समेत पेश गर्नु पर्ने छ।
३. रित पूर्वक नआएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
४. बोलपत्र दाताले रु पाँच लाख कार्यालयमा नगदै बुझाउनु पर्ने र बोलपत्र स्वीकृत पश्चात तीन दिन पछि धरौटी रकम फिर्ता गरिने छ। यस पूर्व बुझाएको रकम नगरपालिका को धरौटी खातामा राखिने छ।
५. बोलपत्र दस्तुर बापत रु तीन हजार नगदै बुझाई कार्यालयबाट भर्पाइ लिनु पर्ने छ। बोलपत्र दस्तुर रकम पछि फिर्ता हुने छैन।
६. आपूर्ति कर्ताले निम्न खाद्य सामाग्रीहरु नगरपालिकाले तोकेको अधिकतम दररेट को सीमा भित्र रही कबोल गर्नु पर्ने छ। रीत पुगेको न्युन मूल्यङ्कित फर्म/ सप्लायर्स बाट मात्र मालसामान आपूर्ति को लागी सम्झौता गरिने छ। तल उल्लिखित खाद्य सामाग्रीको अधिकतम प्रति इकाई दररेट नगरपालिका को वेव साइटमा राखिएको छ।
७. दररेट कबोल गर्दा BOQ मा उल्लिखित मालसामानको प्रति इकाइ दररेट कबोल गर्नु पर्ने छ।
८. उल्लिखित मालसामान सप्लाइको लागी मिति २०७७/०१/११ देखी २०७७/०१/१४ गते विहान १२:०० बजे सम्म यस कार्यालयको जिन्सी इकाईमा सिलबन्दी दररेट पेश गर्नुपर्ने छ। सप्लायर्सले खरिद सम्झौता गरेको २४ घण्टा भित्र उल्लिखित मालसामान को रु दुई करोड बराबरको खाद्य सामाग्री उपलब्ध गराउनु पर्ने छ। नगरपालिकाले तोकेको अविधि भित्र खाद्य सामाग्री उपलब्ध नगराउने सप्लायर्सको सम्झौता अन्त्य गरी धरौटी समेत जफ्त गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

९. छनौट भएको फर्म आपूर्ति कर्ताले नगरपालिका संग पेश गरिएको खरिद सम्झौताको दररेटमा यस आर्थिक वर्ष भरी नै उल्लिखित खाद्य सामाग्री उपलब्ध गराउनु पर्ने छ । उप महानगरपालिकाले तोकेको उल्लिखित खाद्य सामाग्री संबन्धित छनौट भएको आपूर्ति कर्ताले तोकिएको समयमा उपलब्ध गराउन नसकेमा सम्झौता अन्त्य गरी कार्य सम्पादन रकम समेत उप महानगरपालिकाले जफ्त गर्न सक्ने छ ।

१०.खरीद सम्झौता गर्दा कार्य सम्पादन रकम बापत हाल लाई रु १०,००,०००।- (अक्षरुपी दश लाख) नगदै रकम तोकिएको छ । आपूर्ति कर्ताले सामान आपूर्ति थप गर्नु परेमा उप महानगरपालिका को कार्यादेशको आधारमा कूल सामाग्री परिमाण लाई स्वीकृत लागतले गुणा गरी आउने लागत रकममा ५ प्रतिशत ले कार्यसम्पादन जमानत रकम नगदै वा वैङ्क ग्यारेन्टी पनि सहजता अनुसार माग गर्न सकिने छ ।कार्य सम्पादन जमानत रकम आगामी आ.व. ०७७/०७८ को श्रावण मसान्त भित्र फिर्ता गर्न सकिने छ।

११.बोलपत्र दाताले पेश गरेको दररेट रकम सिलबन्दि गरी खाम बाहिर खाद्य मालसामान को दररेट पेश गरेको भनी सिलछाप गरी सिलबन्दी खाम पेश गर्नु पर्ने छ।

१२.एक फर्मको नाममा खरिद भएको बोलपत्र रसिद/ भर्पाइ अर्को व्यक्ति वा फर्मको नाममा सिलबन्दि दररेट दाखिला गर्न पाइने छैन।

१३.बोलपत्रमा दररेट उल्लेख गर्दा भ्याट लाग्ने खाद्य सामाग्री भए भ्याट बाहेक प्रति इकाइ दररेटमा मुल्य उल्लेख गर्नु पर्ने छ। भ्याट लाग्ने खाद्य सामाग्री उपलब्ध गराउँदा नलाग्ने फर्मले दररेट पेश गरेमा भ्याट फर्म संग मञ्जुरी गरेको कागज संलग्न हुनु पर्ने छ।

१४. समयमा प्राप्त नभएको, रित नपुगेको सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कारवाही हुने छैन।

१५.बोलपत्र पेश गर्दा सिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यालयको विवरण र बोलपत्र दाता फर्मको नाम, ठेगाना र छाप लागेको हुनु पर्ने छ।

१६.दररेट पेश गर्दा उल्लिखित बुदाँ नं. ६ अनुसार का खाद्यसामाग्री हरुको दररेट (अधिकतम) यस कार्यालयको वेवसाइटमा राखीएको छ । कार्यालयमा आई बुझ्नु परेमा २०७७/०१/११ गते विहान ८:०० बजे दखी बेलुका ५:०० बजे सम्म र २०७७ वैशाख १४ गते विहान ८:०० बजे देखी ऐ.ऐ. १२:०० बजे सम्म जिन्सी इकाई को ९८४८४२०३९६, ९८४८४२०००३ मा संपर्क राख्न सकिने छ।

१७.सप्लायर्सले आपूर्ति गरिने खाद्यसामाग्री गुणस्तरयुक्त हुनु पर्नेछ। गुणस्तरहिन खाद्यसामाग्री उपलब्ध भएमा आपूर्तिकर्ताको कार्यसम्पादन धरौटीबाट कट्टा गर्न सकिने छ।

१८.छनौट भएको बोलपत्रदाता ले भ्याट लाग्ने वस्तुको बिल उपलब्ध गराउन नसकेमा मञ्जुरी गरेको फर्मको भ्याट बिल लाई मान्यता दिई सोका आधारमा भुक्तानी गरिने छ।

१९.यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजिनिक खरिद नियमानवली, २०६४ तथा अन्य सरकारको प्रचलित कानून अनुसार हुने छ।

.................................

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

धनगढी, कैलाली

प्रमुख प्रशासकीय अधिकृत

## खाद्यान्न सामाग्री आपूर्ति संबन्धि बोलपत्र फाराम

| सि.न. | सामाग्री को नाम | स्पेसिफिकेसन | इकाई | आवश्यक परिणाम | दररेट | | जम्मा | कैफियत(मु.अ.क सहित/बाहेक) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | | |
| १) | चामल | मध्य मसिनो | के.जी. | ३३०७४० | | | | |
| २) | तेल | धारा वा सो सरह | लिटर | २२५८१ | | | | |
| ३) | नुन | साल्ट ट्रेडिङ्ग ब्राण्डको | के.जी. | २०९३४ | | | | |
| ४) | दाल | मुसुरो | के.जी. | ३११६१ | | | | |
| ५) | चिनी | गुणस्तरयुक्त | के.जी. | २६५५६ | | | | |
| ६) | साबुन | नुहाउने (९५ ग्राम) | गोटा | ५१९७४ | | | | |
| | | | | | | कुल जम्मा | | |

**नोट:-** उल्लिखित खाद्य सामाग्रीहरु कार्यालयले एकै पटक वा पटक-पटक गरी आवश्यकता अनुसार आ. व. ०७६/०७७ भरी खरिद गर्न सक्ने छ।

**फर्म/ कंपनी को नाम :**

**मिति :**

**आपूर्तिकर्ताको नाम / ठेगाना :**

**सम्पर्क नम्बर :**

**फर्म/ कंपनीको छाप र आपूर्तिकर्ताको सहि :**